परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १० मितिः- २०८०/०९/२९ गते

## भाग-१

## परवानीपुर गाउँपालिका

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

तेह्रौं गाउँसभाबाट पारित मितिः-२०८०/०९/२९ गते

# परवानीपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दपफ १०२ को उपदफा (१) बमोजिम परवानीपुर गाउँपालिका मिति २०८०/०९/२९ गतेको सभाको बैठकले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम "परवानीपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन परवानीपुर गाउँपालिकाको क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले परवानीपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० समझनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले परवानीपुर गाउँ कार्यपालिका समझनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले परवानीपुर गाउँपालिका समझनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा समझनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई समझनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका लाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त परवानीपुर गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही परवानीपुर. गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका,कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

तेह्रौं गाउँसभाबाट पारित मितिः २०८०/०९/२९ गते

प्रमाणीकरण मितिः २०८०/०९/२९ गते

प्राण मेहता

प्रमुख प्रशासकीय अधिकृत

परवानीपुर गाउँपालिका, बारा

परवानीपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,